म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २११ सोमबार २८ फागुन २०८० ने. सं. ११४४ चिल्लाथ्व 11 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरका दुई युवक धादिङबाट पक्राउ

हेटौंडा, २७ फागुन/अबैध लागुऔषध चरेस ओसारपसारको आरोपमा मकवानपुरका दुई युवा धादिङबाट पक्राउ परेका छन् । पक्राउ पर्नेमा थाहा नगरपालिका-८ आग्रा बस्ने ३८ वर्षीय राजेन्द्र दमाई र सोही ठेगाना बस्ने २३ वर्षीय नारायण दमाई छन् ।

थाक्रे गाउँपालिका-३, अमर्खुस्थित महादेववेशीबाट मकवानपुर जाने भित्रि सडकखण्डमा प्रहरीचौकी महादेववेशीबाट खटिएको प्रहरीटोलीले चेकजाचँ गर्ने क्रममा ना ४ ख ४८३ नम्बरको बसमा सवार दमाईद्वयलाई अन्दाजी ९ किलो ५०० ग्राम लागुऔषध चरेस सहित पक्राउ गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । लागुऔषध चरेस सहित दुबै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# बागमतीका प्रमुख सचिव र अर्थ सचिवद्वारा संसदीय विशेष समितिलाई अटेर

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ 'मिनि संसद'को रुपमा चिनिने संसदीय समितिले बोलाउँदा संघमा प्रधानमन्त्री त प्रदेशमा मुख्यमन्त्रीसमेत बैठकमा अनिवार्य उपस्थित हुने गर्दछन् ।

समितिमा सांसदहरुले उठाएका प्रश्नका जवाफ दिनु र सम्बन्धित विषयमा समितिको निर्देशन मान्न प्रधानमन्त्रीदेखि मन्त्रीसम्मको दायित्व हुन्छ । तर, बागमती प्रदेशमा बजेट विवाद निरुपणका लागि गठित संसदीय विशेष समितिलाई भने प्रदेशका प्रमुख सचिव र अर्थ सचिवले अटेर गरेको पाइएको छ ।

समिति संयोजक गोविन्द लम्सालकाअनुसार २० फागुनमै पत्र काटेर बैठकमा उपस्थित हुन बोलाउँदा पनि प्रमुख सचिव घनश्याम उपाध्याय र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव प्रकाश दाहाल अनुपस्थित भएका हुन् । उपाध्यायले मुख्यमन्त्री कार्यालयका कानुन सचिव विनोदकुमार भट्टराई र दाहालले आर्थिक मामिलाका उपसचिव लक्ष्मीकुमार रिमाललाई प्रतिनिधिको रुपमा पठाएका थिए ।

बागमतीमा विगत ७ महिनादेखि जारी सरकार र प्रतिपक्ष दलबीच बजेटमा योजना समेट्ने सहमति कार्यान्वयन नगरेको विवाद निरुपणका लागि १७ फागुनमा बसेको प्रदेशसभा बैठकले बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति गठन गरेको थियो । समितिको आइतबार दिउँसो प्रदेशसभा सचिवालयमा बसेको बैठकबाट प्रतिवेदनको 'ड्राफ्ट' तयार भएको संयोजक लम्सालले जानकारी दिए ।



२९ फागुनमा बोलाइएको प्रदेशसभा बैठकमा समितिले प्रदेशसभालाई प्रतिवेदन बुझाउने छ । तर, प्रतिवेदन तयार गर्दा सरकारका प्रमुख सचिव र अर्थ सचिव नै बैठकमा अनुपस्थित हुनु ठीक नभएको संयोजक लम्साल बताउँछन् । समितिले प्रमुख सचिव र अर्थ सचिवको 'अटेरी'लाई गम्भीर रुपमा लिएको र सदनलाई जानकारी गराइने लम्सालले बताए । 'उहाँहरुको विषयमा पनि के गरेर जाने भनेर छलफल भएको छ । त्यसको निर्णय पछि आउला । उहाँहरूले जे गर्नुभयो ठीक गर्नु भएन । सदनमा कुरा उठ्छ,' उनले भने ।

अर्थ सचिव दाहालले पर्यटन काजमा विदा भएकाले उपस्थित हुन नसक्ने जानकारी गराएको र प्रमुख सचिव उपाध्यायले कुनै जानकारी नै नगराई प्रतिनिधि पठाएको सभापति लम्सालले जानकारी दिए । बैठकमा सहभागी आर्थिक मामिला मन्त्रालयका उपसचिव रिमालले २३ फागुनसम्म सचिव दाहाल मन्त्रालयमै रहेको बताए ।

२३ गते सरकारबाट राजीनामा दिएका आर्थिक मामिलामन्त्री बहादुरसिं लामालाई विदाई गरेर सचिव दाहाल बिदामा गएको रिमालले बताए । उनले समितिको पत्र आएको थाहा पाएको तर, मिति याद नभएको जवाफ दिए । सचिव दाहाल २४ फागुनमा मात्रै पर्यटन काज बिदामा गएको उपसचिव रिमालले जनाए । बैठकमा अनुपस्थित रहेका प्रमुख सचिव उपाध्यायलाई साझाकुराले सम्पर्क गर्न खोज्दा उनको फोन उठेन ।

समितिले अर्थका उपसचिव रिमाल र मुख्यमन्त्री कार्यालयका सचिव भट्टराईलाई बजेटमा भएको सहमति कार्यान्वयन गर्न नसक्नुको कारणबाट सोधेको समिति सदस्यसमेत रहेका नेकपा माओवादी केन्द्रका मुख्य सचेतक रत्न ढकालले जानकारी दिए । उनीहरुले प्रदेशसभाबाट सरकारलाई निर्देशन गएको अवस्थामा कार्यान्वयन गर्न सकिने जवाफ दिएको ढकालले उल्लेख गरे ।

१५ फागुनमा सहमति कार्यान्वयनकै सम्बन्धमा छलफल गर्न सभामुख भुवनकुमार पाठनको निवासमा बसेको सर्वदलीय बैठकमा मुख्यसचिव उपाध्याय, मुख्यमन्त्री कार्यालयका कानुन सचिव भट्टराई, अर्थ सचिव दाहाल र उपसचिव रिमाल सहभागी थिए । बैठकमा उनीहरुले चालू बजेटमा संसद बाहिर बसेर गरेको सहमति कार्यान्वयन गर्न नसक्ने बताएका थिए ।

आइतबारको समिति बैठकमा प्रमुख सचिव र अर्थ सचिवको अनुपस्थितिले ध्यानाकर्षण भएको सांसद ढकालले बताए । 'समितिले बोलाउँदा सचिवहरु आउनुपर्छ । प्रमुख सचिवले प्रतिनिधि पठाएर आउन नसक्ने जानकारी गराउनु भयो । तर, यो विषय गम्भीर हो । समितिलाई वेवास्था गरेको विषय राम्रो मानिँदैन,' ढकालले भने, 'समितिको प्रतिवेदनमै यो कुरा उठ्छ । समितिले प्रदेशसभाको ध्यानाकर्षण गराउँछ,' ।

एमालेका प्रमुख सचेतक मधुसुदन पौडेलले समितिले बोलाउँदा प्रमुख सचिव र अर्थ सचिव नआउनु गैरजिम्मेवार व्यवहार भएको बताएका छन् । उनीहरु समिति र संसदमाथि अनादार भएको बताए । 'संसदमै यो कुरा उठ्छ । संसदीय समितिलाई अटेर गर्ने सचिव राजा हो ? पत्र पाएपछि हिँड्नु हुन्छ ? लोकतन्त्र नजानेका कर्मचारी भनेर यस्तालाई भन्छन्,' पौडेलले भने ।

आइतबार बसेको समिति बैठकले सरकार र प्रतिपक्षी दल नेकपा एमाले र राप्रपाबीच भएको सहमति कार्यान्वयनका लागि सरकारलाई अबण्डामा रहेको बजेट रकमान्तर गर्न सकिनेतर्फ सुझाव दिनेलगायतका विषय समेटेर प्रतिवेदनलाई अन्तिम रुप दिन लागेको एक सदस्यले जानकारी दिए । उनका अनुसार प्रदेशसभाले संकल्प प्रस्तावको रुपमा योजना कार्यान्वयनका लागि सुझाव दिनसक्ने विषय पनि समितिले प्रतिवेदनमा उल्लेख गरेको छ ।

सरकारले १ असारमा ६२ अर्ब ७० करोडको बजेट ल्याएको थियो । तर, विपक्षी दलहरुले विरोध गरेपछि छुटेका योजना समेट्ने प्रतिबद्धतासहित १८ असारमा सहमति भएको थियो । सहमति कार्यान्वयन नभएको भन्दै एमाले र राप्रपाले विरोध गरेपछि २२ असोजमा स्थगित भएको प्रदेशसभा १४० दिनपछि १५ असोजमा बसेको थियो ।

# नेपाल व्यवस्थापन संघ बागमती प्रदेशमा अधिकारी

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ बिगत चार दशकदेखि व्यवस्थापनको क्षेत्रमा सरकारीदेखि निजी संघसंस्थालाई व्यवस्थापन शिक्षा, तालिम, परामर्श उपलब्ध गराउदै आएको नेपाल व्यवस्थापन संघले बागमती प्रदेशस्तरीय च्याप्टर गठन गरेको छ । हाल केन्द्रिकृत रहेको सेवालाई हरेक प्रदेशमा बिस्तार गर्ने योजनाअनुरुप बागमती च्याप्टर गठन गरिएको हो ।

हेटौंडाको नलेज भिलेजमा भएको भेलाले सर्वसम्मतरुपमा सुदर्शनप्रसाद अधिकारीको अध्यक्षतामा नौ सदस्यीय कार्यसमिति गठन गरिएको हो । सरकारी तथा निजी क्षेत्रका संघसंस्थालाई शिक्षा, तालिम, परामर्शको क्षेत्रम बिशेष अध्ययन तथा अनुसन्धान गर्दै आएको संस्थाको उपाध्यक्षमा विजयकुमार बैद्य, सचिवमा तुलसी रिजाल, कोषाध्यक्षमा नुररानी प्याकुरेललाई चयन गरेको छ ।

सदस्यहरुमा प्रधुम्न उपाध्याय, दीपक पराजुली, सांग्रीला श्रेष्ठ, बिनोद साह र रबि अग्रवाल चयन भएका छन् । शनिबार




कार्यालयको उद्घाटन गर्दै बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले व्यवस्थापन संघको आवश्यकता र औचित्यमाथि प्रस्ट पार्दै व्यवस्थापन संघसँग सहकार्य गर्न प्रदेश सरकार तयार रहेको बताइन् । कार्यक्रममा व्यवस्थापन संघका केन्द्रीय अध्यक्ष मोहनराज ओझाले नया कार्यसमिति पदाधिकारीलाई सपथ गराएका थिए ।

संघ, प्रदेश र स्थानीय सरकारलाइ परेको आवश्यक परामर्श सेवा र सहजकर्ताको रुपमा काम गर्न सदैब तत्पर रहेको उनले बताए । जिल्ला समन्वय समिति प्रमुख ललित घलानले संघीय व्यवस्था अनुरुपको राज्य व्यवस्था समेत स्थिर हुने व्यवस्थापन आवश्यक रहेकोले सोही अनुरुपको व्यवस्थापन शिक्षा आवश्यक रहेको बताए ।

कार्यक्रममा बागमती प्रदेश उद्योग परिसंघका अध्यक्ष लेखराज पोखरेल, उपाध्यक्ष स्वागतराज प्याकुरेललगायत अन्य उद्योगी, व्यवसायी, प्रोफेसरका साथै बिभिन्न क्षेत्रका व्यक्तित्व एवम् संचारकर्मीको उपस्थिति थियो ।

# बाल विकास सहजकर्तालाई क्षमता अभिवृद्धि तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ थाहा नगरपालिका क्षेत्रका सामुदायिक विद्यालयमा अध्यापनरत बाल विकास सहजकर्ताका लागि पाँचदिने क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ ।

थानाबजारमा २७ फागुन आइतबारबाट सुरु भएको तालिमको थाहानगर उपप्रमुख भरत गोपालीले उद्घाटन गरे । कार्यक्रम उद्घाटन गर्दै गोपालीले मन्टेश्वरी विधिबाट विद्यालयको सानो कक्षादेखि पठनपाठन गराउँदा बालबालिकालाई राम्रो र संस्कारीक बनाउन सकिने बताए । उनले अहिलेको शिक्षा राम्रो र व्यावहारिक हुनुपर्ने बताउँदै अभिभावकले आफ्नो बालबालिकाको शिक्षाका लागि ध्यान दिने वातावरण सिर्जना भएको उल्लेख गरे ।



थाहा नगरपालिकालाई नि:शुल्क तथा अनिवार्य शिक्षा घोषणा गर्ने कार्यक्रम अन्तर्गत क्षमता अभिवृद्धि तालिम आयोजना गरिएको शिक्षा अधिकृत सूर्यबहादुर थिङले जानकारी दिए । थाहा नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीको बिशेष आतिथ्यता रहेको कार्यक्रम नगरशिक्षा शाखाप्रमुख माधवबिक्रम मल्लको सभाध्यक्षतामा भएको हो ।

प्रमुख प्रशासकीय अधिकृत गिरीले सिकालाई प्रभावकारी बनाउन अनुरोध गरे । उनले विद्यार्थीलाई घोकन्ते विद्या भन्दा पनि व्यवहारिक रुपमा सिकाउन सके मात्र उपलव्धी हुने बताए । तालिममा थाहानगरका सामुदायिक विद्यालय अन्तर्गतका ६४ बाल विकास केन्द्रका सहजकर्ताको सहभागिता रहेको छ । तालिमका सहभागीलाई बाल विकास बिषेशज्ञ सुशीला भण्डारी, मुना राई र रेणुका श्रेष्ठले सहजीकरण गरिरहेका छन् ।

# हेटौंडाको लेवटमा जल्यो गोठ



साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-३ लेवट लक्ष्मीनारायण टोलमा आइतबार गाई गोठमा आगलागी भएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार अपह्रान्न ४ बजेर ४५ मिनेटको समयमा स्थानीय ज्ञानेन्द्र बर्तौलाको गाई गोठमा आगलागी भएको हो । आगलागीबाट गोठ र गोठमा रहेको पराल पूर्णरुपमा जलेर नष्ट भएको जनाइएको छ । आगो प्रहरी, स्थानीय र दमकलको सहयोगमा करिब दुई घण्टापछि ६ बजेर ३० मिनेटको समयमा नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । आगलागीबाट मानवीय क्षति भएको छैन ।

# अवैध ११ लाखससहित चारजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले स्रोत नखुलेको भारतीय र नेपाली गरी अवैध ११ लाख नगदसहित चारजनालाई पक्राउ गरेको छ ।

प्रहरीले हेटौडा उपमहानगरपालिका-१५ रातोमाटेमा जाँचको क्रममा अवैधरुपमा ल्याइएको रकमसहित ४ जनालाई पक्राउ गरेर आइतबार सार्वजनिक गरेको हो । हेटौंडा-पथलैया सडक खण्डअन्तर्गत् रातोमाटेमा वीरगंजबाट नारायणघाटतर्फ जाँदै गरेको बी आर ०१ एआर २९९१ नंम्बरको भारतीय कारलाई शंका लागेर प्रहरीले जाँच गर्न रोकेको थियो ।

कारमा साढे पाँच लाख भारतीय र नेपाली दुई लाख ५० हजार रुपैयाँ नगद फेला पारेको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । भारतीय रकमलाई पनि नेपाली रकममा रुपान्तरण गर्दा र नेपाली रकमसहित करिब ११ लाख बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा कारचालक भारत विहार राज्य सीतामणि थाना ९९ भुभैरवोका ३० वर्षीय राकेश कुमार र सोही कारमा सवार चन्द्रबाबु, अशोक राय, सुनसरीको कोशी गाउँपालिका-४ का निजाम मियासमेत ४ जना रहेका छन् ।

उनीहरुको साथबाट एक हजार ४२ थान भारतीय पाँच सयको नोट, दुईसयका ९३ थान, एक सयका ९३ थान, ५० को नोट ४ थान समेत गरी जम्मा भारतीय पाँच लाख ४९ हजार एक सय र नेपाली रुपैयाँ २ लाख ५० हजार रुपैयाँ बरामद भएको प्रहरीले जनाएको छ ।

खुल्यो ! खुल्यो ! खुल्यो !

बाजेको सेकुवा कर्नर

हेटौंडा-१०, साप्ती पुलसँगै जोडेको बाँया पट्टी

हाम्रा विशेषताहरू:

- सेकुवा
- लोकल खसीको मासु
- लोकल माछा
- लोकल कुखुराको मासु
- खाना, ढिडो आदि पाइन्छ ।

होम डेलिभरीको पनि व्यवस्था रहेको छ ।

खुल्ने समय :
(विहान ८:०० बजे देखि राती १०:०० बजेसम्म)

प्रो. दुर्गा प्रसाद भण्डारी

सम्पर्क नं.: ९८४३६११५५५

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७८२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सरकार कस्को ?

संघीय सरकारमा सत्ता फेरबदलसँगै नयाँ मन्त्रिपरिषद् गठनले रेकर्ड कायम गरेको छ । अझै भन्ने हो भने सरकार फेरबदलमा नेपालले कीर्तिमानी रेकर्ड कायम गरेको छ । सरकार परिवर्तन भइरहने कारणले गर्दा नेपालको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ । कतिपय उत्पादनमा हामी आत्मनिर्भर बन्न सक्ने अवस्था हुँदाहुँदै पनि भारतीय मुलुकबाट आयात गर्नु परिरहेको छ । सत्तासमिकरणका कारण यतिबेला मुलुक अन्यौलमा पुगेको छ । संघीय सरकारको लाइन कुरेर बसेको बागमती प्रदेशमा पनि दलहरु सरकार गठनको टुंगो लागेको छैन । प्रदेश सरकार कस्तो वा कस्को बन्ने हो भन्ने कुरा पनि केन्द्रको निर्णय पखाइमा छन् । बागमती सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्र र गठबन्धनको ठूलो दल नेकपा एमालेबीच सरकार गठनको विषयलाई लिएर औपचारिक रुपमा छलफल नै अगाडि नबढेको नेताहरुले बताएका छन् ।

मुख्यमन्त्रीको भागबण्डा नटुंगिएकाले तत्काल सरकारबारे गृहकार्य अगाडि बढेको छैन । ग्रिन सिग्नलको पर्खामा बसेका दलहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिएपछि मात्रै प्रदेश सरकार गठनको प्रक्रिया अगाडि बढ्ने बताएका छन् । केन्द्रबाटै निर्णय आउनुपर्छ । मुख्यमन्त्रीकै भागबण्डा भइसकेको छैन । उताबाट टुंगिएपछि प्रदेशमा गृहकार्य गर्छौं भनेर निर्णय पर्खनुको बिकल्प छैन प्रदेशका दलसँग । प्रधानमन्त्रीको विश्वासको मतपछि सरकार गठनमा तीव्रता दिने तयारी भएको बताइएको छ । प्रचण्डले ३० फागुनमा विश्वासको मत लिने तयारी गरेका छन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेल कसको नेतृत्वमा सरकार बन्ने टुंगो लागिनसकेकोले कसरी अगाडि जाने ? भन्ने बिषयमा अन्यौलमा छन् । गत बुधवार नेपाली कांग्रेसका ६ मन्त्रीका राजीनामा आएपछि सरकार ढलेको थियो । मुख्यमन्त्रीकै टुंगो नलागेकाले तत्काल सरकारबारे प्रक्रिया अगाडि नबढेको बताइएको छ । मुख्यमन्त्रीमा नेकपा (एकीकृत समाजवादी) ले पनि दाबी गरेको छ । अन्य प्रदेशमा एकीकृत समाजवादीको सरकार नरहेकाले बागमतीमा ७ जना सांसद रहेको एकीकृत समाजवादीले मुख्यमन्त्रीमा दाबी गरिरहेको चर्चाले बजार तताएको छ । तत्काल सरकार गठनका सम्बन्धमा कुनै छलफल अगाडि बढेको छैन । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिएपछि मात्रै प्रदेश सरकार गठनको प्रक्रिया अगाडि बढ्ने भएपछि प्रदेशका नेता कुरेर बसेका छन् । प्रदेशको ठूलो दल नेपाली कांग्रेस सरकारबाट बाहिरिएसँगै जम्कट्टेल अल्पमतमा हुन् । २५ पुसमा माओवादी केन्द्रको नेतृत्वमा एमाले र राप्रपाबीचको सरकार ५८ दिनमै ढलेपछि मुख्यमन्त्री जम्कट्टेलले सत्तासमीकरण फेरिएसँगै २६ चैत २०७९ मा कांग्रेसलाई सरकारमा सहभागी गराएका थिए । ११० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ सदस्य छन् ।

बागमतीमा एमाले र माओवादीले मात्र सरकार बनाउन सक्ने छैनन् । दुई पार्टीको कुल सांसद संख्या ४८ छन्, प्रदेशसभामा बहुमत पुर्‍याउन उनीहरुलाई थप ८ जनाको समर्थन चाहिन्छ । एकीकृत समाजवादी सरकारमा गएकाले ७ सांसद थपिएका छन् । अब सरकार बनाउन हाम्रो नेपाली पार्टीलाई ल्याउनुपर्छ । कांग्रेस प्रतिपक्षमा रहनु, राप्रपा र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) सरकारमा सहभागी नहुने भएकाले हाम्रो नेपाली पार्टी (हानेपा)लाई ल्याउनुको अर्को विकल्प एमाले-माओवादी गठबन्धनसँग छैन । हानेपाले यसअघिको सरकारलाई समर्थन गरेको थियो । प्रधानमन्त्री प्रचण्डले कांग्रेससँगको गठबन्धन टुटाएर नयाँ सत्तासमीकरण बनाएसँगै बागमतीमा कांग्रेसका ६ जना मन्त्रीले बुधवार मात्रै राजीनामा दिएका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन २९ गते मंगलबार १२ मार्च २०२४ । द्वितीया, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:१९, सूर्यास्त ६:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | तुला | : लेनदेनमा विवाद हुनेछ |
| वृष | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | वृश्चिक | : मन खिन्न बनाउन सक्छ |
| मिथुन | : काममा परिवारको सहयोग मिल्नेछ | धनु | : दिन उत्साहपूर्ण बन्नेछ |
| कर्कट | : स्वास्थ्यमा कमजोरी हुनेछ | मकर | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| सिंह | : उपचारमा खर्च हुनेछ | कुम्भ | : व्यावसायिक यात्राको सम्भावना छ |
| कन्या | : धार्मिक कार्यले फाइदा हुनेछ | मीन | : दाम्पत्य जीवन सुखद बन्नेछ |

# तेस्रो दलको कमजोर प्रधानमन्त्रीबाट देशलाई कसरी दिशानिर्देश मिल्न सक्छ ?



✍ अर्जुन कार्की

**देशमा जसरी सरकार निर्माण र सरकार सञ्चालन भइराखेको छ, यसले देशलाई कुनै गन्तव्यमा पुर्‍याउन सक्ने देखिँदैन । प्रधानमन्त्री सानो दलको हुँदा सरकारमा रहेको ठूलो दलले सरकार र प्रधानमन्त्रीलाई नियन्त्रणमा राख्ने प्रयास गरी राख्ने नै भयो । कमजोर प्रधानमन्त्रीले देशलाई दिशानिर्देश गर्न सक्ने सम्भावना रहँदैन । स्थायी सरकार र बलियो प्रधानमन्त्रीका लागि निर्वाचन प्रणाली र सरकार निर्माणका विधिमा परिवर्तन ल्याउन र देशमा विद्यमान विवाद सदाका लागि समाधान गर्न संविधान संशोधनमा ढिला गर्न हुँदैन ।**

सायद, संसारमा सबैभन्दा धेरैपटक संविधान लेखिने मुलुक नेपाल नै होला ।

पद्मशमशेरले २००४ मा लेखेको संविधानलाई पहिलो संविधान मान्दा राजाको पालामा २००८ मा अन्तरिम संविधान, २०१५ मा नेपाल अधिराज्यको संविधान, २०१९ मा नेपालको संविधान र २०४६ चैत २६ गते प्रजातन्त्र बहालीपछि २०४७ सालमा नेपाल अधिराज्यको संविधान, २०६२/६३ को जनआन्दोलनपछि नेपालको अन्तरिम संविधान र २०७२ सालमा संविधान सभाले बनाएको नेपालको संविधान गरेर ६८ वर्षमा ७ वटा संविधान नेपाल र नेपालीले भोगिसकेको छ । अनि पञ्चायतकालमा तीन संविधान संशोधन भएकै हुन् ।

संविधान मुलुकको मूल कानुन हो । देशको शासन ब्यवस्था कस्तो हुनुपर्छ, यही संविधानले निर्क्यौल गर्छ । संविधानको अक्षर र भावना अनुकूल देशको अन्य कानुन, नीति, नियम, योजना बन्दछ । संसारमा विकसित मुलुकहरूमा एकै प्रकारको शासन ब्यवस्था छैन । सबै विकासशील मुलुकहरूमा पनि एकै प्रकारको शासन व्यवस्था छैन ।

सबै अविकसित मुलुकहरूमा पनि एकै प्रकारको शासन व्यवस्था छैन । देश विकसित र धनी हुनुमा वा अविकसित र गरिब हुनुमा शासन व्यवस्था त कारक हुने रहेनछ । संसारमा ठूलो भूगोल भएको देश विकसित पनि छन्, अविकसित पनि छन् । सानो भूगोल भएको देश विकसित पनि छन्, अविकसित पनि । धेरै जनसंख्या भएको देश विकसित पनि छन्, अविकसित पनि छन् ।

थोरै जनसंख्या भएको देश विकसित पनि छन्, अविकसित पनि । भने पछि देश विकसित र धनि हुनुमा वा अविकसित र गरिब हुनुमा भूगोल वा जनसङ्ख्या पनि कारक हुने रहेनछ । संसारका सबै देशहरूको इतिहास पढ्ने हो भने कुनै पनि देश प्रगतिको पथमा निर्वाध अघि बढ्न देश स्वतन्त्र हुनै पर्छ, जनताको अधिकार सुनिश्चित हुनै पर्छ, भनिन्छ ।

यी दुई स्थिति भने देश प्रगतिको पथमा अघि बढ्न अनिवार्य शर्त हुन्, तर यथेष्ट भने होइनन् । देश स्वतन्त्र हुँदैमा र जनताको अधिकार सुनिश्चित गरिएको संविधान बन्दैमा देश त विकास नहुने रै छ, नेपालको वर्तमान अवस्था यसको उदाहरण हो ।

जनताको राजनीतिक अधिकारको अभावमा पनि सन् १९८० पछि चीनले गरेको आर्थिक प्रगति र ८० करोड जनसंख्यालाई गरिबीको रेखाबाट मुक्त गराउन सकेको अवस्था भने अपवाद हो । जनतालाई राजनीति अधिकारबाट बञ्चित गरेर, तर स्थिर सरकार दिएर चीन विश्वको दोस्रो आर्थिक शक्ति बनेको छ ।

मोदीको १० वर्षो स्थायी सरकारले भारतमा १० वर्षमा ४५ करोड जनसंख्यालाई गरिबीको रेखाबाट माथि उठाउनुका साथै विश्वको १०औं आर्थिक शक्तिबाट पाँचौं आर्थिक शक्ति बनाउन सफल भएको छ । अर्को ५ वर्षमा भारतलाई विश्वको तेस्रो आर्थिक शक्ति बनाउने दृढशक्तिका साथ मोदी २०२४ को आमनिर्वाचनमा होमिएका छन् । अमेरिका सबैभन्दा विकसित र धनी देश हो । सन् २०३० सम्ममा चीनले अमेरिकालाई धनी देशको सूचीमा उछिन्ने आँकलन छ, तर चीनमा देखापरेको मन्दीले यो आँकलनमा शंका पैदा गरिदिएको छ । कथंकदाचित् चीनले अमेरिकालाई धनी देशको सूचीमा उछिनी हाले पनि चीनले अमेरिकालाई प्रतिव्यक्ति आयमा सायदै यो शताब्दीमा पनि उछिन्ला ।

अमेरिकाको २३० वर्ष पुरानो संविधानले सुरुमा सबै वर्ग, जाति, लिंगलाई राजनीतिक अधिकार नदिएको भए पनि शासन सत्ताको स्थायित्वलाई महत्व दिएको देखिन्छ । अमेरिकाको बहालवाला राष्ट्रपतिको मृत्यु भएमा वा महाअभियोग लागेर पदमुक्त भएमा पनि, अमेरिकाको संविधानले राष्ट्रपतिको निर्वाचन प्रत्येक ४ वर्षमा मात्र हुने व्यवस्था गरेको छ ।

अमेरिकाले प्राप्त गरेको विकास र गएको ३०-३५ वर्षमा चीनले गरेको प्रगतिलाई हेर्दा देश विकासका लागि सरकारको स्थायित्व अनिवार्य शर्त भएको बुझ्न सकिन्छ । विकासको शुरुवाती चरणबाट विकसित मुलुकको स्तरमा पुगुन्जेलसम्ममा भने स्थायी सरकार अनिवार्य भएको देखिन्छ । तर स्थायी सरकार एक मात्र विकासको अनिवार्य शर्त भने होइन । स्थायी सरकार संचालन गर्नेहरुको ज्ञान, दुरदर्शिता, सक्षमता, इमान्दारिता आवश्यक पर्छ ।

विभिन्न देशको अध्ययन गर्दा देशले एउटा तहको विकास गरिसकेपछि र देशमा सबै शासन ब्यवस्थाका लागि खडा गरिएको निकायले संविधानको मर्म र भावनाबमोजिम स्वतन्त्र रुपमा काम गर्न सक्ने भएपछि छिटो-छिटो सरकार परिवर्तन हुँदा देशको प्रगतिमा खासै नकारात्मक प्रभाव नपरेको देखिन्छ ।

हाम्रो देशमा ७ वटा संविधानअनुसार दर्जनौं दर्जन सरकार बन्यो, तर कुनै सरकारले पूर्णकाल काम गर्न सकेन । केही सरकारले पूर्णकाल काम गर्न पाएन । नेपाल सदैव संक्रमणकालीन अवस्थामा रहन गयो । देशमा एक निर्वाचनपछि अर्को निर्वाचनसम्म स्थायी सरकार बन्न संविधानले निर्दिष्ट गरेको शासन व्यवस्था र निर्वाचन प्रणालीमा निर्भर गर्छ ।

त्यसैले २०४७ को संविधानले व्यवस्था गरेको शासन व्यवस्था र निर्वाचन प्रणालीले ५ वर्षको लागि स्थायी सरकारको आधार प्रदान गरेको थियो । तर संविधानले गरेको व्यवस्थाले नेतामा अन्तर्निहित खोटयुक्त नियतलाई, स्वार्थलाई, बेइमानीलाई रोक्न सकेन ।

त्यसैले २०४८ र २०५६ सालको आमनिर्वाचनले स्थायी सरकारको अवसर दिएको भए पनि नेपाली कांग्रेसले ५ वर्षको कार्यकाल पूरा गरेन । यसो हुनुमा संविधानले गरेको ब्यवस्था जिम्मेवार नभएर मूलत: सरकारको नेतृत्वमा रहेको दलको नेताहरूको अदूरदर्शिता, असक्षमता, अवसरवादिता, नातावाद, कृपावाद, भ्रष्टाचार नै जिम्मेवार छ ।

विभिन्न राजनीतिक घटनाक्रमको साक्षी हुँदै २०७२ सालमा संविधानसभाले नेपालको संविधान घोषणा गर्‍यो । मूलत: यो संविधान देश विभिन्न राजनीतिक सिद्धान्त र विचार बोकेका राजनीतिक दल र दलका नेताहरूको स्वार्थको सम्झौताको दस्तावेज हुन पुग्यो ।

२०७२ को संविधानले विगतमा पछि पारिएका जातजाति, वर्ग, लिंगलाई राज्यको सबै क्षेत्रमा पहुँच पुर्‍याउन समावेशिताको सिद्धान्त आत्मसात् गरिएको छ । यो व्यवस्था २०७२ सालको संविधानको खास विशेषता हो ।

२०७२ सालको संविधानले देशमा मिश्रित शासन प्रणालीलाई आत्मसात् गरेको छ । संसदमा दुई प्रकारको निर्चाचन प्रणालीबाट प्रतिनिधि छनौट गर्ने विधि अपनाएको छ । संसदमा प्रत्यक्ष निर्वाचनवाट १६५ र समानुतिक निर्वाचनवाट ११० जना सदस्य रहने व्यवस्था छ । यसरी बनेको संसदले कुनै एक दललाई स्पष्ट बहुमत दिने सम्भावना असम्भव प्राय: हुन्छ । यस्तो संसदले मिलीजुली गठबन्धन सरकार मात्र दिन सक्छ ।

यस प्रकारको शासन प्रणालीमा ५ वर्षका लागि स्थायी सरकार दिन संसदमा प्रतिनिधित्व गर्ने दलका नेताहरूबाट देश र जनताप्रति उच्चतम उत्तरदायित्वको माग गर्दछ । दलका नेताहरूले राजनीतिलाई पेशा होइन, देश र जनताको सेवा ठानेको खण्डमा यस्तो प्रणालीले पनि स्थायी सरकार दिन नसक्ने होइन ।

सिद्धान्त र निष्ठाबाट च्यूत भइसकेका नेपाली राजनीतिक दलले स्थायी र बलियो सरकार दिनै सक्दैन । मिश्रित निर्वाचन प्रणालीले दिने भनेको अत्यन्त कमजोर प्रधानमन्त्री दिने हो । कमजोर प्रधानमन्त्रीले देशलाई कहीँ पुर्‍याउन सक्दैन भन्ने नेपालको अवस्थाले देखाएको छ ।

एक संसदको कार्यकालभरि संसदको सबैभन्दा ठूलो दलको नेतृत्वमा तेस्रो ठूलो र अन्य दलको सहयोगमा सरकार निर्माण गर्ने र संसदको दोस्रो ठूलो दल प्रमुख प्रतिपक्षको भूमिकामा संसदको पूर्णकालसम्म रहने समझदारी हुन सकेमा स्थायी सरकार निर्माण हुनसक्छ ।

तर नेपालमा यसको परिकल्पना गर्नु मिथ्या हुनेछ । जुन देशमा संसदको सबैभन्दा ठूलो र दोस्रो ठूलो दलले आफूभन्दा एक तिहाईको हाराहारीका दलका नेतालाई सरकारको नेतृत्व प्रदान गर्न हानाथाप गरिरहेको हुन्छ, त्यस्तो देशमा २०७२ सालको संविधानले अंगीकार गरेको निर्वाचन प्रणालीले स्थायी सरकार कदापि दिन सक्दैन ।

स्थायी सरकार दिनै नसक्ने निर्वाचन प्रणाली र शासकीय स्वरूप भएको २०७२ को संविधानमा स्थायी सरकार दिने व्यवस्था गर्न संशोधन गर्न अनिवार्य भएको छ ।

बहुदलीय व्यवस्था अङगीकार गरेको मुलुकमा विभिन्न राजनीतिक दल क्रियाशील रहने नै भए । प्रत्येक राजनीतिक दलको फरक राजनीतिक सिद्धान्त हुन्छन् । कुनै दल सरकारमा आएपछि दलको राजनीतिक सिद्धान्तले सरकारको अर्थ व्यवस्थालाई निर्धारण गर्ने प्रचलन थियो, बिसौं शताव्दीको अन्तिमको २ दशक अघिसम्म ।

जुनसुकै शासन व्यवस्था रहेको मुलुक होस्, मूलत: २ प्रकारका अर्थ व्यवस्था प्रचलनमा थिए । साम्यवादी मुलुक र बिसौं शताव्दीको मध्यमा स्वतन्त्र भएका मुलुकहरूमा राज्यले नै औद्योगिकीकरण र पूर्वाधार निर्माण जस्ता देश निर्माणका कामको जिम्मा लिनुपर्छ भन्ने अवधारणामा आर्थिक नीति तय गरिएको हुन्थ्यो ।

अमेरिका र यूरोपेली देशहरूमा औद्योगिकरण र पूर्वाधार निर्माण राज्यले गर्ने होइन, राज्यद्वारा नियमन गरिएको निजी क्षेत्रले औद्योगिकरण र पूर्वाधार निर्माण जस्ता देश निर्माणको काम गर्नुपर्छ भन्ने अवधारणामा खुला आर्थिक नीति तय गरिएको हुन्थ्यो ।

२० सौं शताव्दीको अन्त्यसम्ममा आइपुग्दा चीन, दक्षिण पूर्वका राष्ट्र, मध्यपूर्वका राष्ट्र र लामो समयसम्म समाजवादी अर्थ व्यवस्थाले देश बनाउने नीति लिएको भारतले खुला अर्थतन्त्रको अभ्यास गर्‍यो । ऊ पनि विश्वको ५ औं आर्थिक शक्ति बनिसकेको नजिरले जुनसुकै शासन व्यवस्था भएको मुलुकले खुला अर्थतन्त्रको अभ्यास गर्ने निचोडमा वर्तमान विश्व पुगेको छ । राजनीतिक दलको तथाकथित राजनीतिक सिद्धान्त देशले अंगीकार गर्ने अर्थ व्यवस्थाका लागि असान्दर्भिक बन्न पुगेको छ ।

२०७२ सालको संविधान जारी भएको ८ वर्ष भयो । यो ८ वर्षले देशको अर्थतन्त्र निराशाजनक मात्र होइन, चिन्ताजनक अवस्थामा पुगेको छ । राजश्वले साधारण खर्च धान्न छाडेको छ । राजश्वबाट विकास निर्माणको कामका लागि बजेट विनियोजन गर्न नसकिने अवस्थामा पुगेको छ । वैदेशिक सहयोग (ऋण तथा अनुदान) मा प्रत्येक वर्ष ह्रास आइराखेकोछ । वैदेशिक लगानी नगण्य मात्रामा भित्रिरहेको अवस्था विद्यमान छ । नयाँ उत्पादनमूलक उद्योग स्थापना नभएको वर्षौं भएको छ । चालु रहेका म्यानुफ्यानचरिङ उद्योगको उत्पादकत्वमा ह्रास आएको छ ।

देशको अर्थतन्त्रको विभिन्न अपयवमा चिन्ताजनक अवस्थामा नरहेको अपवय भनेको विदेशि मुद्राको संचिति मात्र हो । यसो हुनुमा सरकारको कुनै प्रकारको भूमिका रहेको छैन । आफ्नो घर-खेत वन्धक राखेर ३६ प्रतिशतसम्मको ब्याजमा ऋण लिएर अरब, मलेसिया, कोरिया गएका दाजुभाइ दिदी-बहिनीले पसिना बगाएर पठाएको रेमिटन्सले विदेशी मुद्राको सन्चिती चिन्तारहित अवस्थामा छ ।

जनतालाई आवश्यक दिनानुदिनको साना भन्दा साना कमोडिटी गुड्स (उपभोग्य वस्तु) आयातमा निर्भर छ । रेमिट्यान्सकै कारण जनताको ऋयशक्तिमा वृद्धि भएको छ । देशको अर्थतन्त्र निराशाजनक अवस्थामा रहेको भए पनि उपभोग्य वस्तुको मागमा कमी आएको छैन ।

उपभोग्य वस्तुको मागका कारण देशमा कुनै पनि व्यवसाय फष्टाएको छ भने त्यो हो, ट्रेडिङ व्यवसाय । सरकारको नियमन निकायमा बसेका अधिकारीहरूको अनुगमन गर्ने अकर्मन्यताका कारण आयातित मालमा व्यापारीले अत्यधिक मुनाफा राख्ने गरेका छन् । उपभोक्ता चरम महँगीको मार खेपिराखेका छन् ।

जब देशमा ट्रेडिङ व्यवशाय फस्टाउने वातावरण बनेको हुन्छ, त्यो देशमा नयाँ उद्योग स्थापना हुने गुन्जायस रहँदैन । त्यतिमात्र होइन, उद्योगीहरू पनि उद्योग बन्द गरेर ट्रेडिङ व्यवसायमा आकर्षित हुन्छन् । जुन अवस्था नेपालमा विकास हुँदै गइराखेको छ ।

मेरो सम्झनामा रहेसम्म संघीयता जनआन्दोलनको माग थिएन । २०६२/६३ को आन्दोलनपछि मधेशमा पहिचानको विद्रोह शुरु भयो । सायद, तत्कालीन गिरिजाप्रसादको सरकारले मधेशवादी दलसँग शान्ति सम्झौता गर्दा संघीयताको विषयलाई प्रवेश गराएको जस्तो लाग्छ ।

सिद्धान्तत: संघीयता आफैँमा खराब राजनीतिक व्यवस्था भने होइन । केन्द्रमा जस्तै प्रदेशसभाको निर्वाचनमा पनि मिश्रित प्रणालीकै अनुशरण गरिएकाले प्रदेश सरकार अझ बढी अस्थायी प्रकृतिको बन्न गयो । नेपालको ६ वर्षको संघीयताको अभ्यासमा जुन प्रकारले प्रदेश सरकारहरू बन्ने र भत्कने शृंखला हामीले देख्न र भोग्न पायौं, संघीयता नेपालका लागि उपयुक्त नरहेको निश्कर्ष निकाल्न सकिन्छ । प्रदेश सरकारको कार्यसंपादन पनि विगत ६ वर्षमा निराशाजनक नै रह्यो ।

संघीयतामा प्रदेशै पिच्छे प्रदेशसभा, सरकार, अनेक कार्यालय, त्यही अनुरुपका जनशक्ति, स्रोत साधान चाहिने हुनाले संघीय व्यवस्था आफैँमा खर्चालु र महँगो व्यवस्था हो । नेपालका लागि संघीयता राजनीतिक रुपमा आवश्यक छ भन्ने हो भने पनि देशको वर्तमान आर्थिक अवस्थाले संघीयता धान्न सक्दैन ।

नेपालको भूगोल र जनसंख्याको मात्रालाई मात्र आधार मान्ने हो भने देशको समग्र विकास गर्न र जनतालाई सेवा पुर्‍याउन यथेष्ट साधानस्रोत र जनशक्तिसहितको स्थानीय निकाय र केन्द्रीय सरकार पर्याप्त हुन जान्छ । देशको आर्थिक अवस्था र देशको भूगोल तथा जनसंख्याको मात्राका आधारमा संघीयतालाई थाँती राख्नु बुद्धिमानी हुनेछ ।

मुलुकमा सुशासन कायम गर्न र विकासका गति तिव्रता दिन मुलुकमा गम्भीर प्रकृतिका समाज विभाजित गर्ने राजनीतिक, धार्मिक/सांस्कृतिक मुद्दाको हल हुन अनिवार्य हुन्छ । २०७२ को संविधान २०६२/६३ सालको जनआन्दोलनको जगमा बनेको हो । २०६२/६३ सालको जनआन्दोलन माओवादी र ७ राजनीतिक दलको भारतको नयाँ दिल्लिमा भएको १२ बुँदे सम्झौताको जगमा आरम्भ भएको हो ।

२०७२ सालको संविधान निर्माण हुनुअघि नै हिन्दू राष्ट्र नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरियो । यो न उपयुक्त बाटो थियो न वैधानिक बाटो नै । तत्कालीन अन्तरिम संसदमा पूर्व जानकारी नदिई र व्यापक छलफल समेत नगराइकन नेपाललाई धर्म निरपेक्ष राष्ट्र हुने प्रस्ताव पास गर्याइयो ।

नेपाललाई षडयन्त्रमूलक तरिकाले नेताहरू विदेशीको आर्थिक प्रलोभनमा परेर धर्मनिरपेक्ष राष्ट्र बनाइयो भन्ने ठूलो जनसंख्याको आरोप छ । यो आरोपको उपयुक्त विधिबाट जवाफ नदिएसम्म नेपाललाई धर्म निरपेक्ष बनाएको विषय अनन्तकालसम्म विवादमा रहनेछ । यो विवादले देश अशान्त रहिरहने सम्भावना प्रचूर मात्रामा रहनेछ । यस विवादको विधिवत् समाधान खोजेर धर्म निरपेक्षको मुद्दालाई सम्बोधन गरिनुपर्छ ।

तत्कालीन अन्तरिम संसद्ले नेपाल एकीकरण भएदेखि निरन्तर कायम रहेको राजसंस्थालाई निलम्बनमा राखिदियो र संविधान सभाको पहिलो बैठकले २४० वर्षको राजसंस्थालाई अन्त गरिदियो र नेपाल गणतन्त्र देश बन्न पुग्यो । जनताको निर्णय मान्दै तत्कालीन राजा ज्ञानेन्द्र चुपचाप नारायणहिटी दरबार बाहिर निक्लिए ।

माओवादी र ७ राजनीतिक दलको भारतको नयाँ दिल्लीमा भएको १२ बुँदे सम्झौतामा राजसंस्थाको अन्त्यका विषय उल्लेख थिएन । २४० वर्षको राजसंस्थालाई राजासँग भएका समझौताविपरीत राजसंस्था अन्त्य गरियो भन्ने तप्का पनि छन् । मुलकमा राजसंस्था कायम रहनुपर्छ भन्ने आवाज पनि देखापरेकै छ । राजसंस्थाका विषयमा पनि विधिवत् समाधान खोज्दै यो मुद्दालाई सदाका लागि अन्त गरिदिँदा देशमा विवादित राजनीतिक मुद्दा बाँकी रहने छैन ।

देशमा जसरी सरकार निर्माण र सरकार सञ्चालन भइराखेको छ, यसले देशलाई कुनै गन्तव्यमा पुर्‍याउन सक्ने देखिँदैन । प्रधानमन्त्री सानो दलको हुँदा सरकारमा रहेको ठूलो दलले सरकार र प्रधानमन्त्रीलाई नियन्त्रणमा राख्ने प्रयास गरी राख्ने नै भयो । कमजोर प्रधानमन्त्रीले देशलाई दिशानिर्देश गर्न सक्ने सम्भावना रहँदैन । स्थायी सरकार र बलियो प्रधानमन्त्रीका लागि निर्वाचन प्रणाली र सरकार निर्माणका विधिमा परिवर्तन ल्याउन र देशमा विद्यमान विवाद सदाका लागि समाधान गर्न संविधान संशोधनमा ढिला गर्न हुँदैन ।

तल उल्लेखित विषय समावेश गरेर २०७२ सालको संविधान संशोधन गर्नु मनासिव हुनेछ ।

१) राज्यको सवै अंगमा समावेशिताको सिद्धान्तलाई न्यायोचितरुमा कार्यान्वयन गर्ने सुनुश्चितता गर्दै प्रत्यक्ष निर्वाचन प्रणालीबाट प्रतिनिधिसभा सदस्यको निर्वाचन गर्ने व्यवस्था गर्ने ।
२) निर्वाचन प्रणालीलाई यथावत् राखिने हो भने प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने ठूलो दलले तेस्रो ठूलो दल तथा अन्य दलको सहयोगमा ५ वर्ष सरकारको नेतृत्व गर्ने र दोस्रो ठूलो दल ५ वर्षका लागि प्रमुख प्रतिपक्षको भूमिकामा रहने व्यवस्था गर्ने, वा सरकार निर्माणमा प्रत्यक्ष निर्वाचनबाट निर्वाचित सांसदको मात्र भूमिका हुने र समानुपातिक सांसदको सरकार निर्माणमा कुनै भूमिका नरहने, तर सरकारमा सहभागी भने हुन सक्ने व्यवस्था गर्ने ।
३) देशमा विद्यमान राजसंस्था र धर्म निरपेक्षको विवादित मुद्दालाई जनमत संग्रहको माध्यमबाट समाधान गर्ने ।
४) संघीयता जनमतसंग्रहको माध्यमबाट वा राजनीतिक दलहरूको समझदारीमा अन्त्य गर्ने वा २ कार्यकाल (१० वर्ष) का लागि निलम्वनमा राख्ने ।


यति गर्दैमा नेताहरूले आफ्नो विवेक, र देश र जनताप्रतिको दायित्वबाट च्यूत रहने चरित्रमा सुधार गरेनन् भने न देशले स्थायी सरकार पाउँछ न स्थायी सरकार पाउँदैमा देशले समृद्धि र सम्पन्नता प्राप्त गर्न सक्छ ।

संविधान र संविधान संशोधन भनेको साधन हो साध्य होइन । देश निर्माणका 'बटमलाइन' भनेको विवेकशील, दूरदर्शी, इमानदार, मिहेनती, काम गर्न सक्ने क्षमतावान सरकारको निर्माण मात्र हो ।

*(साभार: बाह्रखरी)*

# माघमा एक्कासि घट्यो रेमिट्यान्स, आन्तरिक अर्थतन्त्रको शिथिलता कायमै

काठमाडौं/यो आर्थिक वर्ष सुरु भएपछि मासिक १ खर्ब २२ अर्बभन्दा बढी रेमिट्यान्स भित्रिरहेकोमा माघमा आएर त्यसमा ब्रेक लागेको छ । विगत ६ महिनामा उच्च रफ्तारमा बढिरहेको रेमिट्यान्स माघमा किन घट्यो भनेर नीति निर्माताहरुलाई झस्काएको छ ।




नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार साउन-माघसम्म ८ खर्ब ३९ अर्ब रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ । यो तथ्यांक अनुसार मासिक १ खर्ब १९ अर्ब ८५ करोड रुपैयाँ रेमिट्यान्स भित्रिरहेको छ । पुससम्म ७ खर्ब ३३ खर्ब रेमिट्यान्स आएकोमा माघमा थप १ खर्ब ६ अर्ब रेमिट्यान्स आएको छ । जुन चालु आर्थिक वर्ष (आव) को मासिक औसतभन्दा कम हो । गत आवमा मासिक औसत १ खर्ब १ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । जुन चालु आवको भन्दा कम थियो ।

नेपालमा ब्याजदर घट्को क्रममा रहेको र आयात सामान्य रुपमा बढ्ने संकेत देखिएको कारण पनि रमिट्यान्समा केही कमी देखिएको हुनसक्ने राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख डा. प्रकाशकुमार श्रेष्ठ बताउँछन् ।

'ब्याजदर घट्दा रेमिट्यान्स पठाउन प्रोत्साहन कम हुन्छ,' श्रेष्ठ भन्छन्, 'अघिल्ला महिनामा रेमिट्यान्स बढी नै आएकाले माघमा घटेको पनि हुनसक्छ ।' बैंकिङ क्षेत्र जोखिममा रहेको भन्दै अफवाह फैलाउन प्रयास भएकोले त्यसको कारण पनि वैदेशिक रोजगारीमा रहेकाहरुले माघमा रेमिट्यान्स कम पठाएको हुनसक्ने श्रेष्ठ बताउँछन् ।

सुनको आयात पनि घटेको भन्दै उनले रेमिट्यान्सको पैसा सुनमा लगानी भएर आएको हुनसक्ने पनि श्रेष्ठ बताउँछन् ।

'आपैचारिक माध्यममा सुनको आयात पनि घटेको देखिन्छ । सुनको मूल्य लगातार बढिरहेको छ । यस्तोमा रेमिट्यान्स घटेको देखिँदा सुनमा लगानी गर्दा फाइदा हुन्छ भन्ने सोच पनि हुनसक्छ,' श्रेष्ठ भन्छन् । यद्यपि, एक महिनाको तथ्यांककै आधारमा निष्कर्षमा भने पुग्न नसकिने उनले बताए ।

### आन्तरिक अर्थतन्त्रको सिथिलता कायमै

मुलुकको आन्तरिक अर्थतन्त्रमा देखिएको शिथिलता भने कायमै रहेको देखिन्छ । सरकारको राजस्वमा केही सुधार देखिएको छ । तर, पूँजीगत खर्चको वृद्धिदर उत्साहजनक छैन । आयात बढ्न सकेको छैन भने निजी क्षेत्रका प्रवाह हुने कर्जा पनि खासै विस्तार भएको छैन ।

गत आर्थिक वर्ष २०७९/८० को माघमा १३.०३ प्रतिशतको उच्च विन्दुमा पुगेको कर्जाको भारित औसत ब्याजदर करिब २ प्रतिशत विन्दुले घटेर ११.०८ प्रतिशतमा आइसकेको छ । कर्जाको ब्याजदर उल्लेख्य रुपमा घटेको, राष्ट्र बैंकले ल्याएको कसिलो मौद्रिक नीतिलाई क्रमश: लचिलो बनाउँदै लगेको छ ।

यद्यपि, आन्तरिक आर्थिक गतिविधि, विशेष गरेर वास्तविक क्षेत्रमा देखिएको समस्या सुधार नहुँदा सरकारी वित्तमा दबाब छ भने बैंक तथा वित्तीय संस्थाको कर्जा असुली समेत प्रभावित बन्दै गएको छ ।

राष्ट्र बैंकले गत साउनमा मौद्रिक नीति सार्वजनिक गर्दै गर्दा चालु आर्थिक वर्षमा मुद्रास्फीति ६.५ प्रतिशतभित्र कायम राख्ने लक्ष्य लिएको थियो । यस्तै कम्तीमा ७ महिनाको वस्तु तथा सेवाको आयात धान्ने पुग्ने विदेशी विनिमय सञ्चिति कायम राख्नु मौद्रिक नीतिको लक्ष्य हुने मौद्रिक नीतिमा उल्लेख थियो ।

यस्तै विस्तृत मुद्राप्रदाय १२.५ प्रतिशत र निजी क्षेत्रमा प्रवाह हुने कर्जा ११.५ प्रतिशतले विस्तार हुने प्रक्षेपणसहित मौद्रिक नीति तर्जुमा गरेको थियो ।

तर, आर्थिक वर्षको ७ महिना सकिँदा ४ प्रतिशत मात्रै कर्जा विस्तार भएको छ । यसले कर्जा विस्तारको लक्ष्य प्राप्त हुने सम्भावना देखिन्न । विस्तृत मुद्राप्रदाय, मुद्रास्फीति र विदेशी विनिमय सञ्चितिको अवस्था भने मौद्रिक नीतिको लक्ष्यअनुरुप नै रहेका छन् ।

विस्तृत मुद्राप्रदाय ७ प्रतिशतले विस्तार भएको छ भने बैंकिङ प्रणालीमा प्रशस्त लगानीयोग्य स्रोत रहेको छ ।

### कस्तो देखियो माघसम्मको आर्थिक अवस्था ?

राष्ट्र बैंकले चालु आर्थिक वर्षमा मुद्रास्फीति ६.५ प्रतिशतभित्र कायम राख्ने लक्ष्य राखेकोमा माघ महिनाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.०१ प्रतिशत रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

गत वर्षको माघ महिनामा यो ७.८८ प्रतिशत थियो । माघमा पेय पदार्थ समूहको मूल्यवृद्धि ६.५१ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मूल्यवृद्धि ३.८५ प्रतिशत छ । खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत मरमसला उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क ३२.११ प्रतिशत, दाल तथा गेडागुडीको ११.१५ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको १०.७८ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ९.०६ प्रतिशत र तरकारीको ७.५८ प्रतिशतले बढेको छ । घ्यू तथा तेल उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क १२.३३ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ ।

यस्तै माघमा गैर-खाद्य तथा सेवा समूहअन्तर्गत मनोरञ्जन तथा संस्कृति उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क १२.६१ प्रतिशत, विविध वस्तु तथा सेवाहरुको ९.१५ प्रतिशत र शिक्षाको ७.३१ प्रतिशतले बढेको छ । यातायात उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क १.४१ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ ।

### विदेशी मुद्रा सञ्चितिले १२.३ महिनाको आयात धान्नसक्ने

चालु आर्थिक वर्षको ७ महिनामै विदेशी विनिमय सञ्चिति २० प्रतिशतले बढेको छ । २०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति माघ मसान्तमा आउँदा १९.९ प्रतिशतले वढेर १८ खर्ब ४४ अर्ब ९४ करोड पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

आर्थिक वर्ष २०८०/८१ को सात महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४.७ महिनाको वस्तु आयात र १२.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ ।

### रेमिट्यान्स घटे पनि लगातार बढ्दै शोधनान्तर बचत

रेमिट्यान्समा आएको उच्च सुधारकै कारण चालु आर्थिक वर्षको सुरुवातबाट नै चालु खाता र शोधनान्तर स्थिति बचतमा छ । यस्तै विदेशी विनियम सञ्चिति लगातार रुपमा बढिरहेको छ । माघमा रेमिट्यान्स केही कम भए पनि अर्थतन्त्रका बाह्य क्षेत्र थप सबल बन्दै गएको छ ।

माघमा शोधनान्तर बचत बढे पनि चालु खातामा भएको वृद्धि रोकिएको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ । पुस मसान्तमा १ खर्ब ६१ अर्ब ६२ करोडले बचतमा रहेको चालु खाता बचत माघमा १ खर्ब ६१ अर्ब ६९ करोडले बचतमा रहेको छ ।

गत आव २०७९/८० को सात महिना (माघ मसान्त) मा चालु खाता ४० अर्ब १६ करोडले घाटामा थियो । चालु खाताको बचतको वृद्धिमा रोक लागे पनि माघमा शोधनान्तर स्थितिमा थप सुधार भएर करिब ३ खर्ब बचतमा पुगेको छ । माघ मसान्तमा शोधनान्तर स्थिति २ खर्ब ९७ अर्ब ७२ करोडले बचतमा रहेको राष्ट्र बैंकले जनाएको छ ।

गत आवको सात महिनामा शोधनान्तर स्थिति १ खर्ब २८ अर्ब ५५ करोडले बचतमा थियो । पुस मसान्तमा २ खर्ब ७३ अर्ब ५२ करोड बचतमा रहेको शोधनान्तर स्थिति माघमा पनि थप बढेको हो ।

### ब्याजदर घट्यो, कर्जा बढेन

कर्जाको ब्याजदर उच्च हुँदा व्यावसायिक वातावरण बिग्रिएको र कर्जामो माग समेत हुन नसकेको निजी क्षेत्रको गुनासो छ । तर, गत आव ब्याजदर उच्च विन्दुमा पुगेको ब्याजदर २ प्रतिशत विन्दुले तल आइसकेको छ । बैंकहरुले पछिल्लो समय राम्रो परियोजना र आवासीय घर कर्जा एकल अंकको ब्याजमा नै दिइरहेका छन् ।

२०७९ माघ र फागुनमा वाणिज्य बैंकहरुको कर्जाको भारित अैंसत ब्याजदर १३.०३ प्रतिशतसम्म पुगेको थियो । चालु आवको माघ मसान्तमा आउँदा कर्जाको भारित औसत ब्याजदर घटेर ११.०८ प्रतिशतमा झरिसकेको छ । कोभिडअगाडि पनि ११.८० प्रतिशत रहेको कर्जाको भारित औसत ब्याजदर त्यसभन्दा धेरै तल झरिसक्दा समेत कजाको मागमा खासै सुधार देखिएको छैन ।

निजी क्षेत्रमा पहिल्यै धेरै कर्जा गइसकेकाले अहिले कर्जाको माग नभएको राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी बताउँछन् । केही दिन अगाडि नेपाल बैंकर्स संघले आयोजना गरेको एक कार्यक्रममा उनले अहिले बैंकिङ क्षेत्रको वास्तविक अवस्था बाहिर आएको बताए । चालुपूँजी कर्जा मार्गदर्शले बैंकिङ क्षेत्र सुदृढ भएको उनको तर्क छ ।

*(स्रोत: अनलाइनखबर)*

# व्यापारमा बलियो बन्दै 'अगस्त्य'



काठमाडौं/फिल्मको व्यापार दुई प्रकारको हुने गर्छ । पहिलो, 'इनिसियल' आक्रामक । विशेषगरी 'स्टार' कलाकार र सिक्वेल फिल्मको हकमा यो देखिन्छ । दोस्रो, 'वर्ड अफ माउथ'ले बढाउने व्यापार । गत शुक्रबारबाट प्रदर्शनमा आएको एक्सन-थ्रीलर फिल्म 'अगस्त्य'को व्यापार दोस्रो प्रकारमा पर्छ । यो फिल्ममा 'स्टार' कलाकार त छन् तर त्यसको प्रभाव इनिसियल व्यापारमा खासै देखिएको थिएन ।

ठूलो 'हाइप' हुँदा पनि फिल्मको पहिलो दिन अपेक्षाकृत रहेन । दोस्रो दिन अर्थात् शनिबार तुलनात्मक रुपमा व्यापार सुखद् थियो । त्यसपछि आइतबार र सोमबार केही खस्किएको फिल्म मंगलबारबाट लयमा फर्कियो । त्यसयता फिल्मलाई प्राप्त शोजमा सुखद् अकुपेन्सी देखिएको छ । विशेषगरी फिल्मको दिवा र रात्रि शोजमा दर्शकको चाप उच्च छ । कति शोज हाउसफुल भैरहेका छन् ।

शिवरात्रिको दिनबाट दोस्रो हप्तामा प्रदर्शन सुरु गरेको 'अगस्त्य'ले यतिबेला हलमा स्वदेशी र विदेशीसहित ६ फिल्मसँग प्रतिस्पर्धा गरिरहेको छ । यसका बावजूद पनि फिल्म व्यापारमा कमजोर देखिएको छैन । दोस्रो हप्ताको दुई दिन देशभरका हलमा फिल्मको अकुपेन्सी ७० प्रतिशतमाथि थियो । कति हलहरुले शुक्रबारका दुई नेपाली फिल्मभन्दा बढी शोज 'अगस्त्य'लाई प्रदान गरेका छन् ।

देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले सोमबारका लागि फिल्मलाई देशभर १९ शो दिएको छ । जबकि, शुक्रबारका 'उपहार' र 'रङ्गेली'लाई योभन्दा कम शोज छ । यसले पनि 'अगस्त्य'को व्यापार राम्रो रहेको देखाउँछ । कमजोर समीक्षा पाउँदा पनि फिल्मको व्यापार स्थिर रहनु निर्माण टिमका लागि ठूलो जीत हो । विशेषगरी फिल्मले युवापुस्तालाई हलमा तानेको देखिन्छ ।

२ घण्टा ५० मिनेट लम्बाईको फिल्मलाई मिश्रित प्रतिक्रिया मिलेको छ । कसैले फिल्म बुलन्द भनेका छन् भने कतिले पहिलो 'हाफ' कमजोर रहेको टिप्पणी गरेका छन् । यद्यपि, मेकिङ, क्लाइमेक्सको सस्पेन्स र कलाकारको अभिनय रुचाइएको छ । यही कारण हलमा दर्शक पनि बढिरहेका हुन् । फिल्मको अकुपेन्सी अनुपात हेर्दा 'अगस्त्य'ले बक्स अफिसमा राम्रो अंक जोड्ने देखिएको छ ।

सौरभ चौधरीको निर्देशन रहेको फिल्ममा सौगात मल्ल, नाजिर हुसेन, मलिका महत, प्रमोद अग्रहरी, विजय बराल, रवीन्द्र झा, बेन बस्नेत, शिशिर वाङ्देल, सिम्रन खड्का, प्रकाश दाहाल, गजेन्द्र त्रिपाठी लगायतको अभिनय छ । यो फिल्मको पोस्ट क्रेडिटमार्फत् सिक्वेल (अगस्त्य २)को समेत निर्माण घोषणा गरिसकिएको छ । जसलाई सन् २०२६ भित्र सार्वजनिक प्रदर्शन गर्ने जनाइएको छ ।

# 'पूजार सार्की'मा प्रदीपको दमाई अवतार



काठमाडौं/चकलेटी अभिनेताको रुपमा चिनिएका प्रदीप खड्का आफूलाई 'भर्सटायल' बनाउने प्रयासमा छ । अघिल्लो वर्ष फिल्म 'प्रकाश'मा उनले जुम्लेली चरित्रमा चुनौती मोलेका थिए । अब नयाँ फिल्म 'पूजार सार्की'मा उनी दलित युवकको भूमिकामा प्रस्तुत हुँदैछन् । छायांकन सुरु हुनुभन्दा अगाडि निर्माण टिमले सार्वजनिक गरेको 'फर्स्टलुक' पोस्टरमा उनको चरित्रचित्रण रोचक देखिएको थियो ।

प्रदीपको जन्मदिनको अवसर पारेर आइतबार निर्देशक दिनेश राउतले फेसबुकमार्फत् उनको 'क्यारेक्टर लुक्स' सार्वजनिक गरेका छन् । दुईवटा तस्वीरमा प्रदीपको लुक्सले 'सरप्राइज' बनाउँछ । उनी विवाहमा दमाहा बजाउने दमाई पात्रको रुपमा देखिएका छन् । लामो कपालमा कालो टोपी र कालै रंगको स्टकोट लगाएका प्रदीपको लुक्सले फिल्मप्रति दर्शकको कौतुहलता बढाउन सक्नेछ ।

यो फिल्ममा प्रदीप 'मैत बहादुर परियार'को भूमिकामा छन् । अभिनेता आर्यन सिग्देल भने पूजारीको भूमिकामा देखिँदैछन् । अर्का अभिनेता पल शाहको भूमिकाको बारेमा भने कुनै जानकारी गराइएको छैन । यी तीन स्टारले पहिलोपटक एकसाथ काम गरेकाले पनि 'पूजार सार्की' निर्माण अगावैदेखि चर्चामा छ । फिल्मलाई आगामी वर्षको जेठ पहिलो साता प्रदर्शन गर्ने तयारी गरिएको छ ।

करिब ४० दिनदेखि कास्की जिल्लाको कास्कीकोटमा छायांकन भइरहेको फिल्ममा अन्जना बराइली, परीक्षा लिम्बु, मोहन निरौला, लोकेन्द्र लेखक, सुबास गजुरेल, विद्या कार्की, तारा शर्मा, प्रेम सुब्बा, शङ्कर आचार्य आदिको पनि अभिनय छ । संगीतकार सुवास भुसालको एकल निर्माण रहेको फिल्मको स्क्रिप्ट विकास सुवेदीले लेखेका हुन् । राजेश श्रेष्ठले फिल्मको छायांकन गरिरहेका छन् ।

# 'रुमानी रङ्ग'मा दोस्रो अभिनेत्री अष्ट्रेलियन हुने

काठमाडौं/'डायरी' निर्देशक अनिल योञ्जनको कमब्याक फिल्म 'रुमानी रङ्ग'को आगामी बैशाखबाट अष्ट्रेलियामा छायांकन गरिँदैछ । अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह र अभिनेता धीरज मगरको मुख्य भूमिका रहने फिल्मका लागि विदेशी कलाकार पनि छनोट गरिने भएको छ । फिल्मको दोस्रो मुख्य अभिनेत्रीमा अष्ट्रेलियन नागरिक (महिला)को अडिसन हुने निर्देशक योञ्जनले जानकारी गराएका छन् ।

अडिसन आह्वान भएदेखि हालसम्म २१६ जना अष्ट्रेलियन नागरिकले अनलाइनमार्फत् आवेदन दिएको अष्ट्रेलियाको लाइन प्रोड्युसर कम्पनी डीब्वाइज इन्टरटेनमेन्टले जनाएको छ । २१६ जनाबाट 'टप १०' छनोट गरेपछि एकजनालाई मात्र दोस्रो मुख्य अभिनेत्रीमा चयन गरिने प्रस्तुतकर्ता जिएम ठकुरीले बताए । फिल्मका लागि अन्य ५ जना विदेशी कलाकार पनि अडिसनबाट छनोट गरिनेछ ।

ग्लोबल मिडिया एन्ड रिसर्च सेन्टर तथा आविष्कार बहुसञ्चारको संयुक्त निर्माण रहने फिल्मको कार्यकारी निर्माता हरि मल्ल ठकुरी हुन् । महेश पौडेलको छायांकन रहने फिल्मको सह-निर्माताहरुमा सुशिल थापा, श्रीजन बस्नेत, सन्तोष सरु र विजय अधिकारी छन् । फिल्मले वर्तमान समयको प्रेमकथा भन्ने निर्देशक योञ्जनको भनाई छ । उनी फिल्मलाई रंगीन प्रेमकथाको रुपमा ब्याख्या गर्छन् ।

# १६ महिनामा ३५ प्रतिशत बढ्यो सुनको भाउ, अझै बढ्ने प्रक्षेपण

काठमाडौं/यतिबेला बिटक्वाइन, इथेरियमजस्ता क्रिप्टोकरेन्सी र सुनको भाउले विश्व बजार तातेको छ । क्रिप्टोकरेन्सीको लगानीलाई नेपालले अवैधानिक मान्दछ र कारोबारका लागि प्रतिबन्ध छ । सुन कारोबारका लागि पनि कडाइ गरिएको छ ।

अन्तर्राष्ट्रिय कमोडिटी मार्केटमा सुनको भाउ बढेसँगै नेपाली बजारमा त्यसको असर परेको छ । अन्तर्राष्ट्रिय बजारमा सुन र बिटक्वाइन सहित क्रिप्टोकरेन्सी भाउ 'बुलिस ट्रेन्ड' मा रहेको विश्लेषण भइरहेका छन् । नेपालमा कमोडिटी मार्केट नहुँदा सुनमा लगानी गर्ने, नाफा लिने वा मूल्यवृद्धिबाट जोगिने अवसर छैन । काँचो सुन खरिद गर्ने वा भविष्यमा मूल्यवृद्धिको सुरक्षाबाट जोगिनका लागि पनि अवसर नरहेको नेपाल सुनचाँदी व्यवसायी महासंघका महासचिव धर्मसुन्दर बज्राचार्य बताउँछन् ।

'काँचो सुन किनबेच गर्न पाइँदैन, यो अवैधानिक छ तर गहनाका रूपमा कसैले भौतिक रूपमा भने खरिद गरेर राख्न सक्छ,' बज्राचार्यले अनलाइनखबरसँग भने, 'कमोडिटी मार्केट नभएपछि कारोबार हुने कुरै भएन ।'

२० अक्टोबर २०२२ (१७ कात्तिक २०७९) मा प्रतिऔंस १ हजार ६ सय २५ अमेरिकी डलर रहेको सुन हाल २ हजार १ सय ७८ डलर पुगेको छ । १ औंसबराबर २.४३ तोला हुन्छ । नेपाली बजारमा सोही अवधिमा सुन प्रतितोला ९३ हजार १ सयबाट बढेर १ लाख २६ हजार पुगेको छ । करिब १६ महिना अवधिमा अन्तर्राष्ट्रिय बजारमा ३४ प्रतिशतले सुनको मूल्य बढेको छ भने नेपाली बजारमा ३५ प्रतिशत बढेको छ । अमेरिकी डलरको मूल्य, राजस्व वृद्धिको असरका कारण नेपाली बजारमा मूल्य अझ धेरै बढेको देखिन्छ ।

### विगत १६ महिनामा सुनको अन्तर्राष्ट्रिय मूल्य ट्रेन्डलाइन

सुनमा लाग्ने करको दरमा घटबढ गराउँदा आन्तरिक मूल्यमा केही असर पर्छ । त्योबाहेक मूल्यवृद्धिमा नेपालको खास भूमिका रहन्नँ । अन्तर्राष्ट्रिय बजारमा दिनभरि हुने कारोबारपछि अन्तिम मूल्य जति कायम हुन्छ, त्यसकै आधारमा नेपाल सुनचाँदी व्यवसायी महासंघले नेपालमा मूल्य निर्धारण गर्ने हो ।

शनिबार र आइतबार अन्तर्राष्ट्रिय बजारमा कारोबार हुँदैन । शुक्रबार बजार बन्द हुँदा कायम भएको मूल्यअनुसार नेपाली बजारमा आइतबार मूल्य समायोजन गरिन्छ ।

### अन्तर्राष्ट्रिय बजारमा कसरी बढ्यो मूल्य ?

अन्तर्राष्ट्रिय कमोडिटी मार्केटमा हुने माग र आपूर्तिले मूल्य निर्धारण हुन्छ । २० अक्टोबर २०२२ देखि नै सामान्य उतारचढाव हुँदै अन्तर्राष्ट्रिय बजारमा मूल्य उकालो लागेको हो ।

ब्लेकले फाइनान्सियल ग्रुपका प्रमुख लगानी अधिकृत पिटर बुकवरले मूल्यवृद्धि र उच्च ब्याजदर बीच सुनको मूल्य बढ्नुलाई अर्थपूर्ण रूपमा हेरिएको बताउँछन् । सामान्यत: ब्याजदर उच्च हुँदा सुनको मूल्य घट्ने गरेको उनले स्मरण गरे ।

'रुस-युक्रेन युद्धका कारण विश्वका धेरै केन्द्रीय बैंकले २०२२ मा अत्यधिक सुन खरिद गरे,' अन्तर्राष्ट्रिय सञ्चारमाध्यम सीएनबीसीसँग उनले भने, 'जुन सुन कारोबारमा आउँदैन, यसले आपूर्ति झनै खुम्चियो । यसको असर अहिले परिरहेको छ ।' नेपाल सुनचाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष मणिरत्न शाक्य अन्तर्राष्ट्रिय द्वन्द्व हुँदा सुनको मूल्य बढ्ने गरेको इतिहास रहेको बताए ।

'रुस र युक्रेन युद्धका कारण धेरै देशका केन्द्रीय बैंक र ठूला लगानीकर्ताले सुनमा लगानी बढाए, यसले आपूर्ति खुम्चिरह्यो र मूल्य बढ्यो,' उनले भने ।

अर्कातर्फ, अमेरिका तथा बेलायतको उच्च ब्याजदर घट्ने अपेक्षाले पनि यतिबेला सुनको माग बढेको छ । अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्भ (फेड) ले मुद्रास्फीति नियन्त्रणमा लिन भन्दै बढाउँदै गएको सन्दर्भ ब्याजदर सीमा हाल ५.२५ देखि ५.५० प्रतिशतसम्म पुगेको छ, जुन दर २३ वर्षयताकै उच्च हो ।

तर, पछिल्ला महिनामा अमेरिकी मुद्रास्फीति घट्दै गएको छ । मार्च वा जुन महिनासम्म फेडले ब्याजदर घटाउने विभिन्न प्रक्षेपण भइरहेका छन् । त्यस्तै बेलायतको बैंक अफ इङ्ल्यान्डले पनि ब्याजदर कटौती गर्ने सम्भावना उच्च रहेकाले त्यसको असर पनि सुनमा परेको छ । अमेरिकाले ब्याजदर घटाउने चर्चाले सुनको मूल्य बढेको महासंघ महासचिव बज्राचार्य बताउँछन् । *(स्रोत: अनलाइनखबर)*

# मन्त्रीलाई बधाई थाप्नै भ्याई-नभ्याई

काठमाडौं/आइतबार मध्यान्ह सिंहदरबारस्थित शहरी विकास मन्त्रालय बाहिर मान्छेहरुको बाक्लो चहलपहल थियो । दोस्रो तलामा रहेको शहरी विकास मन्त्रीको कार्यकक्ष पुग्ने भऱ्याङमा चढ्ने र ओर्लिनेको घुइँचो थियो ।

शुक्रबार शहरी विकास मन्त्री धनबहादुर बुढाको कार्यकक्षसँगै कोठाका कुर्सी भरिभराउ थिए । मन्त्रीका सचिवालयमा रहेकाहरुलाई एक मिनेट फुर्सद थिएन । उनीहरु समूह समूह छुट्याएर मन्त्री भेटाउन भित्र पठाउने र 'धेरै समय नलिऔं' भन्दै बाहिर निकाल्ने काममा व्यस्त थिए । मन्त्री भेट्न आएकाहरु कसैको हातमा फूलका गुच्छा थिए भने कसैसँग खादा र माला ।

मन्त्री बुढा कार्यकक्षमा कुर्सीमै बस्न पाएका थिएनन् । भेट्न आएकाहरुबाट खादा माला पहिरिएपछि फोटो खिच्दै बधाई लिइरहेका थिए । यत्तिकैमा एक महिला र पुरुष पार्टी कार्यकर्ताको पालो आयो । महिलाले बधाई दिएपछि एउटा निवेदनमा तोक लगाउन आग्रह गरिन् ।

मन्त्री बुढा सरुमा अनकनाए, 'कामै सुरु गर्न पाएको छैन मैले, पछि हेर्छु, ।' भन्दै पन्छिन खोजे । तर, उनले सचिवालयमा दर्ता गरेर जान्छु भनेर फेरि आग्रह गरिन् । मन्त्रीले निवेदन समातेर तोक लगाइदिए । 'तपाईंकै पत्रमा हो ल मैले मन्त्री भएपछि पहिलोपटक तोक लगाएको', मन्त्री बुढाले भने । कार्यकर्ताहरु दङ्ग गर्दै बिदा भए । मन्त्रीलाई कसैले पार्टीको फलानो नेता/कार्याकर्ताको आफन्त भन्दै परिचय दिएर खादा लगाइदिँदै थिए भने कसैले पहिला सँगै काम गरेको स्मरण गराउँदै थिए । थप गफगाफ गर्न खोज्नेहरुलाई मन्त्री बुढा पछि आउनुहोला भन्दै बिदा गरिरहेका थिए ।

मन्त्री बुढालाई भेट्ने लाममा पार्टीका नेता कार्यकर्ता, आफन्त, ठेकेदार, पत्रकार, कर्मचारीदेखि डोल्पाली गाउँलेसम्म लामबद्ध थिए । त्यही लाममा लुम्बिनी क्षेत्र विकास कोषका उपाध्यक्ष ल्हारक्याल लामा समेत मिसिएका थिए ।

२३ फागुनमा १७ मन्त्रालयमा नयाँ मन्त्री भित्रिएका थिए । आइतबार स्वास्थ्य तथा जनसंख्या र वन तथा वातावरण मन्त्रालयमा पनि मन्त्रीहरु आए । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयबाहेक सबैमा नयाँ मन्त्रीहरु छन् ।

तर, मन्त्रालयमा आएको चार दिनसम्म मिठाइ र खादामाला लिएर बधाई दिन आउनेहरुको उत्तिकै घुइँचो छ । नेता, कार्यकर्ता र आफन्तहरुलाई मन्त्रीले 'नाइँ' भन्न सकेका छैनन् । भेटघाटमै बढी समय बिताएका मन्त्रीहरुले नियमित काम सुरु गर्न सकेका छैनन् ।

आइतबार दिउँसो अर्थमन्त्रालय अगाडि मन्त्री भेट्न आउनेहरुको उस्तै चहलपहल थियो । वर्षमान पुन बैठकमा व्यस्त थिए, तर उनलाई बधाई दिन आउनेहरु तीनवटा कोठामा भरिभराउ थिए । मान्छे धेरै आएपछि मन्त्रालयमा सुरक्षा गार्डले मन्त्रीको कक्षतर्फ भिड नगर्न र अरु कक्षतिर गएर बस्न भनिरहेका थिए । *(स्रोत: अनलाइनखबर)*

# 'रङ्गेली'मा आर्यनको खुंखार रूप

काठमाडौं/शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'रङ्गेली'मा अभिनेता आर्यन सिग्देलको केमियोबारे यसअघि नै खबर सार्वजनिक भइसकेको थियो । तर, उनको भूमिका र लुक्स गोप्य राखिएको थियो । फिल्म प्रदर्शन भएसँगै उनको लुक्सले दर्शकलाई 'सरप्राइज' बनाएको छ । उनी क्लाइमेक्समा खलपात्र (भिलेन)को खुंखार स्वरुपमा देखिएका छन् । सिक्वेलका लागि उनलाई फिल्ममा भित्राइएको हो ।

'रङ्गेली'लाई जसरी टुंग्याइएको छ, त्यसले सिक्वेलमा आर्यनको दयाहाङ राईसँग 'क्ल्यास' हुने प्रष्ट बुझिन्छ । दोस्रो भागमा आर्यन र दयाहाङ मुख्य भूमिकामा हुने जनाइएको छ । निर्देशक अर्जुन सुवेदीले दोस्रो भाग सकेसम्म छिटो बनाउन कोसिस गर्ने जानकारी गराए । दर्शकले आर्यनको 'इन्ट्री'लाई फिल्मको सबैभन्दा बलियो पक्ष मानेका छन् । यसले 'रङ्गेली २'को पखाई बढाउने देखिन्छ । प्रदर्शनको दुई दिन फिल्मले राम्रो व्यापार गरेको थियो । 'वर्ड अफ माउथ' बलियो भएकाले आइतबार पनि फिल्ममा दर्शकको चाप राम्रो रहेको वितरक गोविन्द शाहीको दाबी छ । अभिनेता दयाहाङ राईलाई एकैखालका चरित्रमा देखिरहेको समयमा 'रङ्गेली'मा फरक भूमिकामा पाउँदा दर्शकले तारिफ गरेका छन् । अभिनेत्री मिरुना मगरसँग उनको 'अनस्क्रिन केमेस्ट्री' पनि रुचाइएको छ ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# मकवानपुरे समाज काठमाडौंको साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ मकवानपुरे समाज काठमाडौंको साधारणसभा भएको छ । काठमाडौंको चोभारमा पूर्वसांसद तथा राजदूत हिरण्यलाल श्रेष्ठको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो ।

पूर्वसांसद श्रेष्ठले मकवानपुर ऐतिहासिक, पौराणिक, धार्मिक र पर्यटकीय महत्वका स्थान भएकाले यसको विकासमा सबै जुट्नुपर्ने बताए । मकवानपुरले शत्रुराष्ट्र संघको लडाइमा विराशत जोगाएर नेपालको स्वाधीनता रक्षा गरेको चर्चा गर्दै उनले आगामी दिनमा समाजका विशिष्ठ क्षेत्रमा पुगेका मकवानपुरेले जिल्लाको उन्नयनका लागि काम गर्नुपर्ने आवश्यकता औंल्याए । श्रेष्ठले भारतका सम्राट नेपालमा आएको बाटो, चित्लाङ, गुरु रिम्पोछेले तपस्या गरेको ऋषेश्वर, दामनलगायतका स्थान अन्तराष्ट्रिय पर्यटन प्रबर्द्धन हुनसक्ने सम्भावना रहेको बताए ।

पूर्वसांसद श्रेष्ठले काठमाडौंमा जेरी-मालपुवा पसल राख्नेदेखि, मजदुरी गर्ने र विशिष्ट योगदान पुऱ्याउनेहरु समेत मकवानपुरेहरु रहेकाले काठमाडौंमा योगदान पुगेको चर्चा गर्दै यसैगरी हाराहारीमा काठमाडौंसंगै विकास गर्नका लागि चुक्न नहुने धारणा राखे । कार्यक्रममा प्रतिनिधिसभा सदस्य दीपकबहादुर सिंहले यस्ता कार्यक्रमले मकवानपुरेमा आपसी भाइचार र सद्भाव बढाउने भन्दै सबै मिलेर अघि बढ्नुपर्नेमा जोड दिए । कार्यक्रममा समाजका सल्लाहकार शिवप्रसाद घिमिरे, वुद्धिजीवि डा. रामहरि लामिछाने, विद्युत बज्राचार्य, नरेन्द्र महर्जनलगायतले समाजले सामाजिककार्यमा दिएको योगदानको चर्चा गरे ।

अध्यक्ष अरुणाकुमार गुरुङको सभापतित्वमा भएको कार्यक्रममा वार्षिक प्रतिवेदन पेश गरिएको थियो । सचिव विधान रिजालले सञ्चालन गरेको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष दीपक कार्कीले स्वागत मन्तव्य राखेका थिए । साधारणसभाको अबसरमा सांस्कृतिक कार्यक्रम, बिङ्गो खेललगायतका मनोरन्जनात्मक कार्यक्रम आयोवना गरिएको थियो ।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका निर्देशक मणिराम लामिछाने, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शन्तराम बिडारी लगायत विभिन्न क्षेत्रका वुद्धिजीवि तथा व्यवसायी मकवानपुरेको उपस्थिति थियो ।

# म्यानेजमेन्ट र सिमरा कलेज विजयी



साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ हेटौंडा-४, हुप्रचौरमा जारी अष्टकुमारी शाक्य स्मृति अन्तरक्याम्पस टि-२० क्रिकेट प्रतियोगिता अन्तर्गत आइतबार दुई खेल भएका छन् ।

पहिलो खेलमा हेटौंडा स्कूल अफ म्यानेजमेन्टले हेटौंडाकै नारायणी कलेजलाई १५ रनले हराएको छ । म्यानेजमेन्टले दिएको १ सय ३५ रनको लक्ष्य पछ्याएको नारायणीले निर्धारित २० ओभरमा १ सय १९ रन मात्र बनाउन सक्यो । नारायणीको लागि मिथिलेशकुमार गुप्ताले सर्वाधिक नटआउट ५८ रन बनाए । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको म्यानेजमेन्टले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ३४ रन बनाएको थियो ।

म्यानेजमेन्टको तर्फबाट युविन बुढाथोकीले सर्वाधिक ३९ रन बनाएका थिए । खेलको म्यान अफ दि म्याच नारायणीका मिथिलेशकुमार गुप्ता घोषित भए । यसैगरी, आइतबार नै भएको दोस्रो खेलमा सिमरा कलेज ३ विकेटले बिजयी भएको छ । चितवनको एरोभा कलेजले दिएको १ सय ५ रनको लक्ष्य सिमराले १६ दशमलब १ ओभरमा ७ विकेटको क्षतिमा भेट्टायो । सिमराको लागि अजय पटेलले सर्वाधिक ४३ रन बनाए । चितवनको लागि पाल्देन लामाले सर्वाधिक ३ विकेट लिए ।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १ सय ४ रन बनाएको थियो । चितवनको लागि पाल्देन लामाले सर्वाधिक ४२ रन बनाएका थिए । त्यस्तै सिमराको तर्फबाट अजय पटेलले सर्वाधिक २ विकेट लिएका थिए । खेलको म्याद अफ दि म्याच सिमराका अजय पटेल घोषित भए । फागुन २९ गतेसम्म हुने प्रतियोगितामा विजेताले ५० हजार रुपैयाँसहित ट्रफि र मेडल प्राप्त गर्नेछन् भने उपविजेताले २५ हजार नगदसहित ट्रफि र मेडल प्राप्त गर्नेछ ।

# बागमतीमा लक्ष्यको ७० प्रतिशत बालबालिकालाई लगाइयो खोप




साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ बागमती प्रदेशमा लक्ष्यको करिब ७० प्रतिशत बालबालिकालाई दादुरा-रुबेला रोगविरुद्धको खोप लगाइएको छ । बागमती प्रदेशको स्वास्थ्य निर्देशनालयले प्रदेशका १३ जिल्लामा १२ लाख ३० हजार ६ सय २४ बालबालिकालाई खोप लगाएको जानकारी दिएको छ ।

दादुरा-रुबेला रोग विरुद्धको खोप लगाउने लक्ष्य राखेकामा लक्ष्यको ६६.८८ प्रतिशत अर्थात् आठ लाख २३ हजार ५८ जना बालबालिकालाई हालसम्ममा खोप लगाएको निर्देशनालयले जनाएको छ । लक्षित समूहका बालबालिकालाई दादुरा-रुबेला खोप लगाएर दादुरा-रुबेला रोगविरुद्ध प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरी ती रोगबाट हुने सङ्क्रमण न्यूनीकरण गर्न दादुरा-रुबेला रोगविरुद्धको खोप अभियानका रुपमा सञ्चालन गरिएको हो ।

प्रदेशको स्वास्थ्य निर्देशनालयका फोकल पर्सन उत्तमराज प्याकुरेलले नियमित खोपलाई असर नपर्ने गरी दादुरा-रुबेला रोगविरुद्धको खोप सञ्चालन भइरहेको जानकारी दिए । उनले अभियानका रुपमा १३ फागुनबाट सुरु भएको खोप अन्तर्गत छुटेकालाई आगामी चैत ७ सम्म लगाइने बताए । सन् २०२६ सम्ममा दादुरा-रुबेला रोग निवारण गर्ने नेपाल सरकारले प्रतिबद्धता जनाए पनि बागमती प्रदेशमा नौ प्रतिशत कुनै पनि खोप नपाएका बालबालिका छन् । उनले बागमती प्रदेशमा कुनैपनि खोप नपाएका बालबालिकालाई शून्यमा झार्नुपर्ने र यसका लागि धेरै मेहनत आवश्यक भएको बताए ।

सिन्धुपाल्चोक, नुवाकोट र रसुवामा लक्ष्यको ९० प्रतिशतभन्दा बढी बालबालिकालाई दादुरा-रुबेलाविरुद्धको खोप लगाइएको छ । संख्याका आधारमा यस प्रदेशमा सबैभन्दा बढी काठमाडौंमा पाँच लाख ९७ हजार ३ सय ५ जना र सबैभन्दा कम रसुवामा चार हजार ६३ बालबालिकालाई खोप लगाउने लक्ष्य राखिएकोमा क्रमश: तीन लाख ३१ हजार ९ सय ४० जना अर्थात् ५५.५७ प्रतिशत र रसुवामा तीन हजार ६ सय ५७ जना अर्थात् ९०.०१ प्रतिशतलाई खोप लगाइएको निर्देशनालयले जानकारी दिएको छ ।

चितवन, काठमाडौं, भक्तपुर र ललितपुरसहित चार जिल्लामा ९ महिनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई र बाँकी ९ जिल्लामा ९ महिनादेखि पाँच वर्षमुनिका बालबालिकालाई अभियान अन्तर्गत दादुरा-रुबेला खोप लगाइएको हो । आर्थिक वर्ष २०७९/८० मा भएको दादुरा महामारीमा यस प्रदेशको मकवानपुर, काठमाडौं, चितवनसहित देशका विभिन्न जिल्लामा एक हजार ३४९ बालबालिकामा दादुरा सङ्क्रमण र एक जनाको मृत्यु भएको थियो । स्वास्थ्य मन्त्रालयका निर्देशक दीपक तिवारीले ग्रामीण क्षेत्रमा भन्दा सहरमा खोप लगाउन छुट्ने जोखिम भएकाले नियमित खोपमा छुटेकालाई पनि खोप लगाइने बताए ।

# पालुङगढीलाई पर्यटकीय क्षेत्र बनाउन जुटे गाउँले



साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकामा रहेको पालुङगढीलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न पहल थालिएको छ ।

थाहा नगरपालिका-२ मा रहेको पालुङगढीलाई पर्यटकीय गन्तव्यकारुपमा विकास गर्न वडा कार्यालय र स्थानीयवासी जुटेका हुन् । पालुङगढीसम्म पुग्नका लागि पैदलमार्ग तथा मनोरञ्जनस्थल निर्माण कार्य सुरु गरिएको छ । २ नम्बर वडा कार्यालयले पालुङगढीको संरक्षण एवम् प्रवर्द्धन लागि १५ लाख रुपैयाँ बजेट विनियोजन गरेसँगै स्थानीयले पालुङगढी पिकनिक स्पोट निर्माण समिति गठन गरेर कामको थालनी गरेका हुन् । वडाबाट विनियोजित बजेट र स्थानीयको दुई लाख ५० हजार श्रमदानमा काम सुरु भएको छ ।

एकसय मिटर लम्बाईको सिँढी निर्माण कार्य सुरु भएको समितिका अध्यक्ष अजय कार्कीले जानकारी दिए । ६० घरधुरी रहेको थाहा-२ गैरीगाउँका प्रत्येक घरले चारदिन श्रमदान गर्ने निर्णय गरेका छन् । एकसय मिटर कालो ढुंगाको सिढीँलाई आकर्षक बनाउन दायाँबायाँ फलामे बार र प्रत्येक बारको दुई भागमा एक सयवटा फाइवरको फ्रेम भएको बत्ती राखिने योजना बनाइएको छ ।

'आइ लभ पालुङगढी' लेखनका लागि अस्ट्रेलियामा रहेका सुरेश थापाले ३५ हजार रुपैयाँ, २० फिटको अग्लो फलामको पाता रहेको नेपालको झण्डाका लागि नेपाली सेनाका प्रवेश विष्टले १५ हजार, फलामको कुर्सीका लागि गोविन्द कार्कीले १० हजार, गढी जाने बाटोमा पुग्नको लागि बाटो निर्माणका लागि जग्गा पर्ने उद्दव रानामगर र रामशरण राना मगरले जग्गा उपलब्ध गराएको वडाले जनाएको छ । वडाले उपलब्ध गराएको बजेटले सिँढी निर्माण मात्रै हुने भएपछि समितिले अन्य भौतिक संरचना निर्माणका लागि सहयोगी हातलाई आव्हन गरेको हो ।

# गण्डकीका सभामुखले भने, 'झुरझुरेलाई युद्ध पर्यटकीय क्षेत्र बनाउँ'

साझाकुरा संवाददाता

हेटौंडा, २७ फागुन/ गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धिताले मकवानपुरको पूर्वीक्षेत्र बागमती गाउँपालिकाको झुरझुरेलाई युद्ध पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने बताएका छन् ।

उनले आइतबार यो क्षेत्र अबलोकनको क्रममा युद्धस्थललाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरेर पहिचान दिलाउन सुझाव दिए । सभामुख धितालले झुरझुरेस्थित युद्धस्मृति पार्कमा रहेको गोली लागेको रुख, प्वाल भएको धारा, सोही समय र स्थानमा जन्मेका युद्धबीर भ्लोनको घरलगायतको संरचनालाई संरक्षण र प्रवर्द्धन गरेर पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने बताए ।

उनले यहाँका स्थानीयसँग कुराकानी गर्दै पार्कलाई विकास गर्न सके स्थानीयको जीवनयापनमा सहयोग मिल्ने धारणा राखेका छन् । बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानलाई तत्काल पार्कको प्रवर्द्धनमा लाग्न समेत सुझाव दिए । अध्यक्ष घलानले पालिकाले पार्कलाई पर्यटन प्रबर्द्धनमा प्रयोग गर्दै तत्कालीन युद्धको बिषयमा बुझ्न आउने पर्यटकलाई सहज आकर्षित बनाउने संरचनाको लागि योजना बनाएको भएपनि हाल जग्गाप्राप्तिको लागि कानुनी प्रक्रिया भने पूरा गर्न बाँकी नै रहेको जानकारी दिएका थिए ।


## हार्दिक समवेदना



जन्म: १९९७-०७-०१
स्वर्गारोहण: २०८०-११-१६

स्व. मंगलमाया श्रेष्ठ

यस संस्थाका सल्लाहकार श्री इश्वरलाल श्रेष्ठ र शेयर सदस्य श्री विजय लाल श्रेष्ठको ममतामयी माता **श्री मंगलमाया श्रेष्ठ**को असमायीक निधन भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा धैयधारण गर्ने शक्ति प्रदान गरुन् भनी भगवनसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

रुपकराज बज्राचार्य (अध्यक्ष) एवम्
**पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि., परिवार**

## सादर आमन्त्रण



स्व. बद्री खड्का

मेरा पुजनीय श्रीमान् **बद्री खड्का**को मिति २०८० फागुन १६ गते स्वर्गारिहण हुँदा हामीप्रति दुख व्यक्त गरी समवेदना व्यक्त गर्नुहुने, अन्तिम संस्कारको बेला सागरमा पुग्नुहुने सम्पूर्णमा १३ औं पूण्यतिथिमा तपसिल बमोजिम पीतृप्रसाद ग्रहणका लागि सादर आमन्त्रण गर्दछौं ।

**तपसिल**
**मिति:** २०८० फागुन २८ गते
**समय:** दिनको २ बजेपछि
**स्थान:** हेटौंडा-१, राप्तीरोडस्थित निवास ।

भवदीय
**श्रीमति संगीता खड्का**

## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट





**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना